नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #८

# कोरोना भाइरस (2019-nCoV) acute respiratory disease सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बिहिबार ।२३ माघ २०७६ (६ फेब्रुअरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २४ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ । यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

**विश्वभर**

पुष्टी भएका केसहरूः २४५५४

मृत्यु हुनेको संख्याः ४९२

**चीनमा**

पुष्टी भएका केसहरूः २४३६३

मृत्यु हुनेको संख्याः ४९१

**चीन बाहिर**

अन्य प्रभावित देशहरुः २४

पुष्टी भएका केसहरू : १९१

मृत्यु हुनेको संख्याः १ (फिलिपिन्स)

(* २२ माघ २०७६ सम्ममा)

**WHO जोखिम निर्धारण**

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद बिरामीको रगत र न्यालको नमूना (throat swab) को जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १७ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १७ जनामा रोग देखिएन । परिक्षणमा पोजेटिभ देखिएको एक ब्यक्ति हाल स्वस्थ भैसकेको र निजको सम्पर्कमा रहेका व्यक्तिहरुमा कुनै लक्षण देखिएको छैन । चीनमा रहेका कुनै पनि नेपाली नागरीकमा हालसम्ममा कोरोना भाईरसको सङ्क्रमण देखिएको रीपोर्ट प्राप्त भएको छैन । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

(* २३ माघ २०७६ सम्ममा, ४:०० बजे) सम्म

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | जम्मा: |
|---|---|---|
| १ | १७ | १८ |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुबिधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवं उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।
- 2019-nCoV सम्बन्धी सूचनामुलक सामाग्रीहरु मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरु प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइदै आईएको छ । प्रदेश तथा स्थानीय सरकारहरुवाट समेत यस सम्बन्धमा सूचना प्रवाह भैरहेको छ
- अन्य सम्बन्धित मन्त्रालयहरु, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरूसंग नियमित रुपमा समन्वय गर्ने गरिएकोछ ।

## प्रदेशबाट 2019-nCoV सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरुः-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता दिएका छन्; संकास्पद केस देखिएमा मन्त्रालयमा प्रतिबेदन गर्ने व्यवस्था मिलाईएकोछ; मन्त्रालयले तयार पारेका अल्गोरीदम (algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएकोछ ।

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- 2019-nCoV सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

यस कार्यमा योगदान गर्नुहुने सम्पूर्ण निकायहरू एवम साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोग प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ ।

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोसः**

| | | |
|---|---|---|
| 2019-nCoV IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |
| Situation Reports (all) | Hospital Disaster Preparedness and Response Plans | |


**स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र**

फोन: ०१-४२५०८४५, फ्याक्स: ०१-४२५०८४२,

ईमेल: heocmohp@gmail.com, वेब: heoc.mohp.gov.np, fb: fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**

फोन: ०१-४२५५७९६, फ्याक्स: ०१-४१००२६६,

ईमेल: ewarsedcd@gmail.com, वेब: edcd.gov.np, fb: fb.com/edcdnepal